लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भलादमी डाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल

प. सं. २०८२/०८३
च. नं.

मितिः २०८३/०१/०२

## सिपमूलक तालिमका लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना !

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको मिति २०८२/०९/२४ गतेको सुचना बमोजिम गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत कार्यक्रममा सहभागी हुन इच्छुक गृहिणी महिलाहरुले निवेदन पेश गर्ने सम्बन्धी सुचना बमोजिम गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ५ बमोजिम तपशिलमा उल्लेखित विषय क्षेत्र छनोट गरि तालिम लिन इच्छुक लिखु गाउँपालिका भित्र बसोबास गरेका गृहिणी महिलाहरुले मिति २०८३/०१/१७ गते भित्र आफ्नो वडा कार्यालमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै कार्यक्रम सम्बन्धमा थप जानकारीका लागि गाउँपालिकाको महिला तथा बालवालिका शाखामा समेत सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ ।

तपशिल

१. लघु उद्यमसँग सम्बन्धित पेशा तथा व्यवसाय,
२. व्युटिसियन तालिम,
३. अचार र गुन्द्रक बनाउने,
४. मैन बत्ति बनाउने,
५. पराल एवम, बेतबाँसजन्य सामाग्री निर्माण,
६. मौरि पालन,
७. घरेलु उद्योगसँग सम्बन्धी व्यवसाय,
८. निर्माण, कृषि सेवा, विधुतिय वायरिङ, हस्तकला तथा तयारी पोशाक, खाद्य सामाग्री प्रशोधन, सुचना तथा प्रविधिका क्षेत्रसँग सम्बन्धित ।

नोटः १. तोकिएको विषयक्षेत्र अन्तर्गतको व्यवसायमुलक तालिम कम्तिमा पन्ध्र दिनदेखी तिन महिनासम्म हुनेछ ।
२. प्रति समुह २० देखि ३० जना गृहिणी महिलाहरुको लागि तोकिएको विषय क्षेत्रमा तालिम सञ्चालन गरिनेछ ।

अशोक बिष्ट
प्रमुख प्रशासकीय अधिकृत